# जिल्ला समन्वय समितिको मिति २०७५/०९/०८ गते वसेको बैठकका निर्णयहरु

१. कार्यालयबाट तयार गरी सुझावको लागि पेश भएको अनुगमन तथा समन्वय कार्यविधि, २०७५ मा छलफल हुंदा यस कार्यविधिलाई आंशिक परिमार्जन गरी आगामी जिल्ला सभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

२. जिल्ला भित्रका सबै महानगरपालिका र नगरपालिकाहरुसंग समन्वय, सहजीकरण तथा अनुगमन गर्न कार्यालयबाट सम्बन्धित नगरपालिकाहरुसंग समन्वय गरी कार्यतालिका तय गर्ने ।

३. सिन्धुपाल्चोकको गुफा डांडामा मिति २०७५ पौष १५, १६ र १७ गते हुने राष्ट्रिय जलवायु सम्मेलनमा जि.स.स. प्रमुख, उप प्रमुख र सदस्य श्री उद्धव भण्डारीले सहभागिता जनाउने निर्णय गरियो । सम्मेलनको लागि जि.स.स. महासंघले तोके बमोजिम यस कार्यालयबाट सहभागिता शुल्क वापत उपलव्ध गराउनुपर्ने रकम रु. १०,०००।०० जि.स.स. महासंघलाई कार्यालयबाट उपलव्ध गराउने निर्णय गरियो ।

४.फर्पिङ्ग टल्कु हुमाने भन्ज्याङ्ग सडक खण्डमा आ.व. ०७४/७५ मा पटके सवारी कर संकलनको लागि स्विकृती प्राप्त ठेकेदार श्री अनिष श्रेष्ठले उक्त अवधिमा वाटो बन्द भएको ७४ दिनको अवधिको रकम छुट गरी रकम फिर्ता पाउं भनी दिएको निवेदनको सम्बन्धमा जिल्ला प्राविधिक कार्यालय मकवानपुरको च.नं. २७८ मिति २०७५/०३/०५ को पत्रबाट त्यस सडक खण्डमा यातायातका सम्पूर्ण सवारी साधनहरु यातायातको लागि बन्द भएको भएता पनि केही निजी र सरकारी सवारी साधन संचालन भएको उल्लेख भएको हुंदा त्यस अवधिमा के र कति संख्यामा सवारी साधनहरु आवत जावत गरेका थिए सो को विवरण ट्राफिक प्रहरी कार्यालय फपिङ्गसंग लिने साथै सो अवधिमा उठाएको सवारी करको विवरण समेत सम्वन्धित ठेकेदारसंग माग गर्ने ।

५.अर्थमन्त्रालयबाट यस कार्यालयको लागि प्राप्त सवारी साधन जि.स.स.को नाममा दर्ताको क्रममा लाग्ने सडक सम्भार दस्तुर र कर वापतको रकम रु. २,००,०००।००, सुराकी खर्च रकम रु. १७००००।०० र प्रतिवेदक वापतको रकम रु. १,७०,०००।०० समेत गरी जम्मा ५,४०,०००।०० (पांच लाख चालिस हजार मात्र) जि.स.स.को लागि प्राप्त अनुदान रकमबाट नपुग हुने भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने ।

६. कार्यालयको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुको २०७५ श्रावण देखि मंसीरमसान्तसम्मको सम्झौता वमोजिमको पारिश्रमिक रकम र विद्युत महशुल वापत नेपाल विद्युत प्राधिकरणलाई उपलव्ध गराउनु पर्ने रकम केन्द्रबाट प्राप्त अनुदान रकमबाट नपुग हुने भएकोले जि.स.स. आन्तरिक कोष खाताबाट उपलव्ध गराउने निर्णय गरियो ।